# बुटवल उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही
## लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np

प.स. ०७७/०७८
च.न.

## हार्दिक अपिल

कोभिड-१९ को विश्वव्यापी महामारी विरुद्धको लडाइँमा सुरुदेखि र निरन्तर सिमर्पित रहेकै अवस्थामा बुटवल उपमहानगरपालिकामा जनप्रतिनिधिहरु, कर्मचारीहरु संक्रमित हुन पुग्नुभएको छ । विभिन्न वडामा जिम्मेवारीमा रहनुभएका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई कामकै दौरानमा भाइरसको संक्रमण भएको छ । संक्रमणको पुष्टि भएकाहरु अलग्गै आइसोलेट हुनुभएको छ भने कन्ट्याक्ट ट्रेसिङमा पर्नुभएकाहरुको पनि परीक्षण सुरु भएको छ । अरु जनप्रतिनिधि, कर्मचारीहरु अत्यावश्यक कामका लागि निरन्तर सेवाप्रवाहमा सक्रिय हुनुहुन्छ ।

कोरोनाको लक्षण देखिएपछि प्रमुख शिवराज सुवेदी आजैदेखि होम आइसोलेशनमा बस्नुभएको छ र उहाँको स्वाबको परीक्षण भइरहेको छ । उपप्रमुख गुमादेवी आचार्य संक्रमित भएर केही दिनदेखि घरमै आइसोलेशनमा हुनुहुन्छ र स्वास्थ्यकर्मीसंगको परामर्शमा स्वास्थ्यलाभ गरिरहनुभएको छ । यो भाइरसको संक्रमणमा पर्नुभएका नगरका जनप्रतिनिधि, कर्मचारी, नागरिकहरु सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

अहिलेको यो विषम परिस्थितिमा संयमित हुन, स्वास्थ्य मापदण्डको पालना गर्न र आत्मबल बलियो बनाउन समस्त नगरबासीहरुमा हार्दिक अपिल गर्दछौं । महामारीका विरुद्ध गरिएको निषेधाज्ञाको पालना गर्दै स्वास्थ्य मापदण्ड पालना गरेर स्वनियममा बस्न सम्पूर्ण नगरबासीहरुमा अनुरोध गर्दछौं । स्वास्थ्य समस्या उत्पन्न भएमा उपमहानगरमा रहेका स्वास्थ्य संस्थामा उपलब्ध सेवा लिनुहुन र स्वास्थ्यसंग सम्बन्धित आवश्यक निर्देशनहरुको पालना गर्नसमेत आग्रह गर्दछौं । महामारीका विरुद्ध उच्च आत्मबलका साथ खट्नुपर्ने खाँचो छ । संक्रमित र उपचारमा खटिरहनुभएका स्वास्थ्यकर्मीहरुको आत्मबल बढाउने खालका सूचना प्रवाहमा केन्द्रित हुँदै महामारी विरुद्धको लडाईलाई सफल बनाउने काममा हातेमालो गर्न सबै नगरबासीहरुमा सार्वजनिक अपिल गर्दछौं ।

२०७८ बैशाख २४ गते

रामप्रसाद रेग्मी
प्रवक्ता
बुटवल उपमहानगरपालिका